नेफ्स्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

"सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य"

प्रदेश बचत संघ ३

जिल्ला बचत संघ ६३

बचत तथा ऋण सहकारी ४०८०

जम्मा ४१४६

जिल्ला पहुँच ७६

व्यक्तिगत सदस्य ३३,५०,०००

स्थापना दिवसको अवसरमा प्रकाशित

कार्यक्रम सन्दर्भ

३४ औं नेफ्स्कून स्थापना दिवस

नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेल: nefscun@nefscun.org.np

www.nefscun.org.np

नेफ्स्कून गतिविधि

"Inspiring hope for a global community" — *WOCCU*

“ सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य ”

प्रतिबद्धता

संघ स्थापनादेखि हालसम्म गतिशिल नेतृत्व प्रदान गर्नु भएका आदरणीय अग्रजहरू, अभियानको प्रवर्द्धन तथा विकासमा निरन्तर योगदान गर्नु भएका सहकारीकर्मीहरू तथा नीतिगत वातावरण निर्माणमा निरन्तर सहजीकरण तथा संरक्षण गर्नु हुने सम्पूर्ण महानुभावहरू प्रति कृतज्ञ छौं । नेपालमा बचत तथा ऋण सहकारी अभियान सहकार्यको अनुपम नमुना हो । २०१० को विभागीय निर्देशनवाट सुरू भएको बचत तथा ऋण सहकारीको नीतिगत वातावरण सहकारी ऐन, २०७४ सम्म आउँदा बचत ऋण सहकारी अभियानको अलग्गै पहिचान स्थापित गर्न सफल भएको छ। बचत तथा ऋण सहकारीहरूको गुणात्मक विकास गरी युगको माग बमोजिम उत्कृष्ठ वित्तीय सेवा, सञ्जालको सुरक्षा, स्वनीयमन र पहिचान सहितको सञ्जाल व्यवस्थापनका छुट्टै वित्तीय सहकारी ऐन जारी गर्न ढिला भइसकेको अनुभूति भएको छ।

समावेशी र दीगो आर्थिक प्रणाली मार्फत आर्थिक विकास र सामाजिक सशक्तिकरणमा योगदान गर्न बचत ऋण अभियानको सञ्जाल व्यवस्थापन संघको वर्तमान प्राथमिकता भएको छ । अभियानले प्रदान गरेको यो अविभारा पुरा गर्न सहकारी सञ्जाल बीचको परिणाममुखी रचनात्मक सहकार्य, अभियान मैत्री अनुकुल वातावरण निर्माणका लागि राज्यसंगको निरन्तर सद्भावपूर्ण बहस पैरबी, महामारी एवं प्राकृतिक विपत्तीको विषम् अवस्थाले सिर्जना गरेको चुनौतीहरूलाई चिर्दै दीगो र सक्षम साकोस अभियान निर्माणमा निरन्तर अगुवाई गर्न हामी अत्यान्त सचेत र जिम्मेवार छौं । बचत तथा ऋण सहकारी सञ्जालमा अभियानकर्मीहरूको सद्भावपूर्ण सहकार्य र एकता नै सञ्जाल सुदृढिकरणको आधार भएकोले सञ्जाल ऐक्यवद्धताका लागि आह्वान गर्दछौं ।

संघले बचत तथा ऋण सहकारी सञ्जालमा सञ्जालिकृत संस्था र संघहरू मार्फत सञ्जालमा आवश्यकीय सेवाहरूको साझा स्वामित्व सहित विकास, विद्यमान श्रोतहरूको परिचालन र उपयोगमार्फत क्षमता र पेशागत विकासको अवधारणा आत्मसाथ गरेको छ । यसका लागि संघले आवद्धता तथा करारीय ऐक्यवद्धता, स्रोतहरूमा पहुँच र एकरूपता, कार्य सञ्चालनमा स्तरीयता र स्वनियमन र अनुशासन गरी चारवटा रणनीतिक कार्यदिशा तय गरेको छ। प्रतिस्पर्धात्मक र मुनाफामा आधारित वित्तीय बजार प्रविधि निर्देशित हुन्छ तर बचत ऋण सहकारीता मानवता सहितको सहकार्यको योगमा विश्वास गर्दछ। सदस्यको सर्वोच्चता र सदस्यहरूको जीवनस्तर परिवर्तन मार्फत सहकारीको राष्ट्र निर्माणको योगदान प्रमाणित हुनु पर्दछ।

नविनतम प्रविधि, गुणस्तरीय सेवा र व्यावसायिक सञ्चालन, उद्यमशीलताको विकास, स्वरोजगारी सिर्जनामा संकलित पूँजीको परिचालन गर्न सकिएमात्र साकोस स्थापनाको ध्येय साकार हुन सक्दछ । तसर्थ आगामी दिनहरूमा बचत ऋण सहकारी संघ तथा संस्थाहरूको व्यावसायिक वातावरणमा सद्भावपूर्ण सहकार्य मार्फत दीगोपन विकासका लागि संघले तयार पारेको रणनीतिक योजनाको व्यवहारिक प्रयोग मार्फत समृद्ध एवं सुशासनयुक्त सञ्जाल निर्माणलाई विशेष प्राथमिकताका साथ अगाडी बढाउने छौं । संघको ओजश्वीपूर्ण इतिहासले निर्माण गरेको विशिष्ठ छविलाई अक्षुण राख्दै सदस्यहरूको जीवनस्तर उत्थानका लागि निदिष्ट गरिएको साझा सञ्जाल विकासको ध्येयमा प्रतिवद्ध रहँदै वर्तमानको अवसर र चुनौतीहरूलाई रणनीतिक व्यवस्थापन मार्फत दीगो अभियान र समृद्ध सदस्यको चाहाना पुरा गर्न संघको ३४औं स्थापना दिवसको अवसरमा प्रतिवद्धता व्यक्त गर्दछौं ।

परितोष पौड्याल
अध्यक्ष

सङ्कल्प

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) बचत तथा ऋण सहकारी अभियानको केन्द्रीय विषयगत संघको भूमिकामा रहेर ३४ औं वर्ष प्रवेश गरेको सुखद् अवसरमा संघमा योगदान गर्नुहुने सम्पूर्ण अभियानकर्मी तथा सरोकारवालाहरूमा नेफ्स्कून व्यवस्थापनको तर्फबाट हार्दिक आभार तथा सहकारी मुल्य, मान्यता, सिद्धान्त र नीतिगत वातावरणले उपलब्ध भएको अवसर अभियानमा आवद्ध सदस्यहरूको हितमा परिचालन गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं । बचत तथा ऋण सहकारी सञ्जालले निर्दिष्ठ गरेको मार्गचित्र भित्र रहेर बचत तथा ऋण सहकारी अभियानको विशिष्ठ पहिचान सहित बचत तथा ऋण सहकारी जागरण, प्रवर्द्धन, विकास तथा सञ्जालिकरणमा निरन्तर सक्रिय रहेने छौं ।

समुदायको उत्कृष्ठ वित्तीय सेवा प्रदायकको रूपमा गुणस्तरीय वित्तीय तथा गैर वित्तीय सेवा प्रवाह गर्ने सक्षमता सहितका सदस्य संघसंस्थाहरूको विकास तथा स्रोत साधानको व्यवस्थापनमा निरन्तर बहस पैरवी तथा सहजीकरणका लागि अहोरात्र तयार रही लागि रहने छौं । संघले प्रवाह गर्ने सेवाहरूको गुणस्तर प्रमाणीकरण गरी नेपालका सहकारी अभियानको उत्कृष्ठ सेवा प्रदायक संघको अक्षुण भूमिकालाई निरन्तरता दिनु हाम्रो पहिलो कार्य हुनेछ । यसका लागि यहाँहरूले गर्नु भएको योगादान प्रति संघ व्यवस्थापन हार्दिक आभार र निरन्तरताको अपेक्षा गर्दछ ।

हाम्रो समुदाय कोरोना कहरमा छ । हाम्रो सेवाहरूमा कोरोनाका कारण प्रभाव अवश्य परेको छ, तर महामारीमा सेवा निरन्तरता मार्फत गुणस्तरीय सेवा व्यवस्थापनमा संघ लागि परेको छ । यसका लागि जनशक्ति सुरक्षा तथा प्रोत्साहनलाई पहिलो प्राथमिकतामा राखि उच्च प्रविधि युक्त दक्ष जनशक्ति मार्फत सेवा प्रवाहलाई निरन्तरता दिइको छ । सदस्यहरूको आवश्यकतामा आधारित सेवा मार्फत समावेशी आर्थिक प्रणाली विकासका लागि व्यावसायिक व्यवस्थापनका माध्यमबाट बचत तथा ऋण सहकारी क्षेत्रलाई मर्यादिन रोजगारीको क्षेत्रको रूपमा स्थापित गर्न संघ मार्फत योगदान गरिनेछ ।

संघको पाँचौ योजनाले स्वीकार गरेको साकोस एकरूपता प्रणाली, सदस्यमैत्री बहस पैरवी, स्थिरीकरण कोष, जोखिममा आधारित साकोस सुपरीवेक्षण, विपद् व्यवस्थापन, एकीकृत वित्त प्रणाली, केन्द्रीय तरलता सुबिधा, साझा स्तरीय प्रविधि, जनशक्ति विकास श्रोत केन्द्र, सञ्चार प्रणाली, साझा प्रतिकीकरण, साझा बजारीकरण, सेवाहरूको विविधिकरण, दीगो विकास लक्ष्य प्राप्तीका लागि सहकार्य, स्वनियमनमा आधारित सुशासन प्रवर्द्धन, स्तरीकरण, एकीकरण, निरन्तर सिकाई, उद्यमशिलता प्रवर्द्धन, समावेशी सञ्जाल र पहुँच अभिवृद्धि लगायतका क्षेत्रहरूका लक्ष्य कार्यान्वयनका लागि सम्पूर्ण सहकारीकर्मी तथा शुभेच्छुकहरूको साथमा व्यवस्थापकीय नेतृत्व प्रदान गरिनेछ ।

सबल र दीगो वित्तीय सहकारीहरूको साझा सञ्जालको रूपमा संघलाई स्थापित गर्न सहकारी सञ्जालको उत्कृष्ठ व्यवस्थापन बन्न यहाँहरूको योगदान अतुलनीय छ । सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा योगदान देखिने गरी बचत तथा ऋण सहकारीको छबी उच्च बनाउन आवश्यक सुझाव तथा सहकार्यको अपेक्षा सहित सञ्जालको स्वामित्व र सहभागितामा नविनतम् प्रविधिको प्रयोग गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी पुरा गर्न संघको ३४औं स्थापना दिवसको ऐतिहासिक क्षणमा व्यवस्थापनको तर्फबाट प्रतिवद्धता व्यक्त गर्दछौं ।

प्रकाश प्रसाद पोखरेल
का.मु. प्रमुख कार्यकारी अधिकृत

World Council

August 13, 2021

Congratulations to the Nepal Federation of Savings and Credit Cooperative Unions (NEFSCUN) on the occasion of your 34th anniversary.

In 2020 and 2021 we experienced not only a health crisis but the economic and financial fallout of the Covid-19 pandemic.

Everywhere it has accelerated change in the credit union paradigm. It does not change our values; we are about the financial empowerment of our members.

In 2020 Digital Transformation became the number one priority. With Covid-19, it was no longer just about convenience; **It was about member's health and safety.** Our values did not change. But everywhere the financial service delivery model changed; and for us, it changed as well.

2020 and 2021 has been a time when savings and credit cooperatives shine because they have proven to be Financial First Responders.

Savings and credit cooperatives respond by helping their members cope with the economic impact of the pandemic. They responded with emergency loans, interest waivers and payments forbearance. And today savings and credit cooperatives continue with work-out loans for members and their families.

NEFSCUN and Its savings and credit cooperatives again offer hope as they are called upon to help build a future of economic recovery and prosperity for their members and their communities.

Members turn to their savings and credit cooperatives for financing for agriculture and small business. Communities turn to their savings and credit cooperatives to provide an economic path for their young people. Savings and credit cooperatives step up to support their rural community through economic stabilization and revitalization.

This is why we are proud to have NEFSCUN as a valued member of World Council and an active member of the global community of credit unions and financial cooperatives.

Brian Branch
President and CEO
World Council of Credit Unions

World Council of Credit Unions, Inc.
5710 Mineral Point Road, Madison, WI 53705 +1-608-395-2000 +1-608-395-2001
99 M Street SE, Suite 300, Washington, DC 20003 +1-202-638-0205
www.woccu.org

ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

ACCU Message

On behalf of more than 40.1 million members of 32,742 credit unions in 23 countries in Asia, it gives me pleasure to send you a heartfelt message of support and good wishes on the 34th Anniversary of NEFSCUN.

ACCU and NEFSCUN have had a long outstanding relationship since the early 80s. We are delighted to be part of the 34 years of journey of NEFSCUN towards improving the lives of people in Nepal by promoting and strengthening savings and credit cooperatives.

We thank NEFSCUN for your trust in us by seeking our guidance and technical assistance to support you in fulfilling your vision and mission. We greatly appreciate NEFSCUN's Board and management for deploying the business solutions ACCU developed, such as ACCESS, Stabilization Fund, Integration of SACCOS, Risk Based Supervision, Competency Courses for Board of Directors, CEOs, Supervisory Committee, Loan Officers, and CUMI.

As the world battle against COVID 19 and the most infectious variants, credit unions have no best time to stay focused on their mission and note the lessons the crisis has taught us. NEFSCUN can best help its members recover by making sure tools, programs, and technical assistance are available to mitigate risks posed by the pandemic. SACCOS would need NEFSCUN's guidance to lead them to recovery - for their institution and their members.

We wish NEFSCUN all the best in your efforts to digitize the SACCOS movement. There is a greater need to put the movement's act together to harness the power of your numbers. We are confident that your efforts consider the convenience and lower costs of financial services for the individual members of SACCOS should the movement work together in technology. With so many options, what will set the SACCOS business apart is providing services without delay and with humanity. We know this could only happen with NEFSCUN's leadership.

Once again, congratulations to NEFSCUN's member SACCOS, Board of Directors, and pioneers and management for your dedication and hard work.

Elenita V. San Roque
Chief Executive Officer

5th Floor, FSCT Building, 199 Nakornin, Bangsrithong, Nonthaburi 11130, Thailand
Tel: +662-496-1262 and +662-496-1264 Fax:+662-496-1263
Email: accumail@aaccu.coop Website: www.aaccu.coop

Member: International Co-operative Alliance; International Cooperative Banking Association; International Raiffeisen Union; United Nations Special Consultative Status; PROXFIN

CENTER FOR INTERNATIONAL COOPERATION AND TRAINING IN AGRICULTURAL BANKING
SPONSORED BY GOVT. OF INDIA AND F.A.O.

VM NATIONAL INSTITUTE OF COOPERATIVE MANAGEMENT COMPLEX
PUNE UNIVERSITY ROAD, CHATUSHRINGI, PUNE 411007 (INDIA)
PHONE : (0091) - 020 - 25528164, FAX : (0091) - 020 - 25528164
E-MAIL : cictab@hotmail.com /cictab1983@gmail.com
Website : www.cictab.ac.in

MESSAGE

Centre for International Cooperation and Training in Agricultural Banking (CICTAB), Pune, India sends its best wishes and congratulates Nepal Federation of Savings & Credit Cooperative Union (NEFSCUN) on celebrating the 34th anniversary of its establishment. We hope for you to laud more of such occasions in future.

CICTAB is thankful to NEFSCUN for continuously supporting our training programmes. During this pandemic time Cooperation between NEFSCUN and CICTAB has strengthened the bilateral relations between two countries. I would also like to express my gratitude to the management of NEFSCUN for their unstinted leadership and support and commitment to bringing learning and capacity building of member cooperatives.

We look forward to continue this partnership with same effectiveness and hope to reach enviable heights in future by making more initiatives such as designing innovative and impact based programmes relating to agriculture finance and rural development.

12th August, 2021

Dr Hema Yadav
Director
CICTAB & VAMNICOM

स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

NCF Message

It gives us an immense pleasure to know that the Nepal Federation of Savings & Credit Central Cooperative Union (NEFSCUN) is celebrating its 34th anniversary of its official establishment on the 16th of August 2021 with different activities. I, on behalf of National Cooperative Federation of Nepal (NCF) representing more than 7.3 million members affiliating with 29886 cooperatives, 335 district level cooperative unions along with a National Cooperative Bank and 19 central level subjective cooperative unions including NEFSCUN, and on my own, would like to extend our heartfelt congratulation to NEFSCUN for successfully completing its journey till the day.

The journey of NEFSCUN is to uplift the socio economic and cultural status of the members while preserving our ecological condition for living and collaborating together with mutual help and cooperation among ourselves. It's also a journey for achieving the economic development of the nation with the entire Nepalese cooperative movement. NEFSCUN, as an active member of NCF, has been successfully running its activities with its unique brand for the quality development of savings and credit cooperative (SACCOS) in Nepal. I would like to appreciate NEFSCUN family for arraying the different products and services like ACCESS, PROBATION, Stabilization Fund, Risk Based Supervision, CUMI and other professionalization activities etc. for the promotion and strengthening of SACCO's movement.

This year, NCF has been appealing through the theme - **"Cooperative in Decent Business & Technology"** in order to coop with the COVID 19 pandemic by reflecting our good image in the market place as self-regulated and transparent entity while pursuing our norms values and principles. Hopefully NEFSCUN will grasp the theme as a role model. We would like to encourage NEFSCUNs' leadership and higher management to build self-governed and disciplined SACCO'S movement. NCF would like to join hand with its all endeavors for attaining the thrust.

It is well known that NEFSCUN has been collaborating with WOCCU, ACCU and other several national and international organization for attaining its mission. In this very occasion, I would like express our sincere thanks to all national and international development partners who have been directly or indirectly supporting the cooperative activities and wish their continuous supports in Nepal.

Once again, we would like to congratulate to the entire SACCOS family including NEFSCUN Board of Directors, Account Supervisory Committee, Management team, employees and all for the further success and commitment.
With cooperative greetings and warm wishes!

Min Raj Kandel
Chairman

August 13. 2021

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncf.nepal.com.np

बचत ऋण सहकारी अभियानका चौंतीस वर्ष

२०४५ साल श्रावण ३२ गते तत्कालिन साझा केन्द्रका अध्यक्ष भोजराज घिमिरेको नेतृत्वमा बचत समूह राष्ट्रिय संघ तदर्थ समिति गठन भएसँगै नेपालमा बचत तथा ऋण सहकारी अभियानको बीजारोपण भएको हो । बचत तथा ऋण सहकारी अभियान आज ३३औं बसन्त पार गर्दै ३४औं वर्ष प्रवेशको संघारमा छ ।

यसभन्दा ३२ वर्ष पहिल्यै २०१३ साल चैत्र २० गते चितवनको बखानपुरमा सहकारीको उदय भएको थियो । बेलायती सहकारी इतिहासको १ सय १३ वर्षपछि पहिलो पटक बाढी पीडितहरूको पुर्नस्थापना अन्तर्राष्ट्रिय निकायको सहयोगमा चितवनको बखानपुरमा स्थापना भएको बखान ऋण समितिलाई नेपालको पहिलो सहकारी इतिहास मानिन्छ ।

३४औं
नेफ्स्कून स्थापना दिवस

नेपालको बचत तथा ऋण सहकारी अभियानका विकासक्रमका खुड्किलाहरुः

- नेपालको बचत तथा ऋण सहकारी अभियान ७७ जिल्लामा विस्तार
- समयानुकुल नविनतम प्रविधिमा पहूँच विस्तार, नीति, विधि र प्रविधिको उपयोग
- साकोसमा वित्तीय आत्मनिर्भरता, दीगोपना, सुशासन प्रवर्द्धन मार्फत गुणस्तर सुनिश्चितता
- वि.सं.२०४८ सालमा सहकारी ऐन र २०४९ सालको नियमावली
- सन् १९९० मा पर्ल्स प्रणाली नेपालमा लागू गर्न सफल
- २०५० साल भाद्र २९ गते सहकारी विभागमा "नेपाल बचत तथा ऋण सहकारी संघ" विधिवत दर्ता
- २०५० साल फागुन ३ गते सम्पन्न संघको प्रारम्भिक साधारणसभाले कैलाशभक्त प्रधानाङ्गको अध्यक्षतामा नेतृत्व चयन
- २९ सय ५० रूपैयाँबाट सुरू बचत अभियान
- २०५२ सालमा पहिलो पटक रणनीतिक योजना निर्माण
- २०५३ सालमा केन्द्रीय शब्द थपी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नामाकरण
- २०५५ सालमा एशियाली ऋण महासंघ मा आवद्ध
- २०५५ साल देखि नेफ्स्कूनसँग एशियाका बचत ऋण सहकारी संस्थाहरूको संस्थागत विकास कार्यक्रम इण्डिक्यूवा INDECUA परियोजना, दक्षिण तथा पूर्वि एसियाका मुलुकहरूका बचत तथा ऋण सहकारीहरूमा व्यावसायिकीकरण परियोजना, बचत तथा ऋण सहकारीहरूमा लघुवित्त कार्यक्रम सञ्चालन
- वि.सं. २०५९ सालदेखि एग्रिटेरा नेदरल्याण्ड्सको प्राविधिक सहकार्यमा लघुबीमा कार्यक्रम प्रवर्द्धन
- २०६३ मा संघको आफ्नै पहलमा नेकोस सफ्ट्वेयर निर्माण
- २०६३ मा एसियाली स्तरको साकोस गुणस्तर सुनिश्चिचता कार्यक्रम एक्सेस को सुरूवात
- २०६४ साल मंसिर १६ गते संघको १६औं साधारण सभाबाट मिनराज कंडेलको अध्यक्षतामा नयाँ नेतृत्व
- क्यानेडियन को-अपरेटिभ एशोसियसनको प्रत्यक्ष सहयोगमा संस्थागत विकास कार्यक्रम
- २०६७ साल पौष ३ गते सम्पन्न साधारण सभाबाट पुनः मिनराज कंडेलको अध्यक्षतामा दोश्रो कार्यकाल
- संघका अध्यक्ष कंडेल एशियाली ऋण महासंघको द्वितिया उपाध्यक्षमा निर्वाचित
- २०६७ मा नेपालका ७ वटा बचत तथा ऋण सहकारी संस्थाहरू मार्फत एक्सेस कार्यक्रम सुरू
- २०६९ मा पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम प्रोवेशन सुरूवात
- २०६९ मा नेफ्स्कून साकोस म्यानेजर क्लब गठन
- २०६९ सालदेखि राष्ट्रिय स्तरका गोष्ठीहरूको सुरूवात (साकोस शिखर गोष्ठी, लेखा सुपरीवेक्षण समिति गोष्ठी, साकोसका व्यवस्थापन प्रमुखहरूको गोष्ठी र महिला गोष्ठी)
- २०७० साल भदौंमा एशियाली ऋण महासंघको ३२औं साधारणसभा नेपालमा सम्पन्न (३० राष्ट्रका ४ सय प्रतिनिधिहरू सहभागी)
- २०७० सालमा १२ वटा साकोसहरूले एशियाली स्तरको एक्सेस ब्राण्ड प्राप्त गर्न सफल
- २०७० पौष ६ गते सम्पन्न निर्वाचनबाट ऋषिराज घिमिरेको अध्यक्षतामा नयाँ सञ्चालक समिति चयन
- २०७० संघको दीगोपनाका लागि अन्तरलगानी कार्यक्रमको सुदृढीकरण गर्दै साकोस एकरूपता प्रणाली र स्थिरीकरण कोषको अवधारणा विकास
- २०७० मा जोखिममा आधारित साकोस सुपरीवेक्षण कार्यक्रम कर्ब्स सुरूवात

- २०७१ सरकार समक्ष साकोस ऐनको अवधारणा सहित ऐनको मस्यौदा पेश
- २०७३ मा साकोस एकरूपता प्रणाली सुरू
- २०७३ भदौ २६ गते घिमिरे अकुको प्रथम उपाध्यक्षमा निर्वाचित
- संघको नयाँ बानेश्वरमा आफ्नै घर जग्गा खरिद गर्न सफल
- २०७३ पौष २ गते सम्पन्न निर्वाचनले डी.बी. बस्नेतको अध्यक्षतामा नयाँ सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति चयन
- २०७४ विश्व महिला नेतृत्व सञ्जाल- सिस्टर सोसाइटी नेपाल च्याप्टर गठन
- २०७४ असोज १ गते सहकारी ऐन जारी
- सन् २०१८ मा विश्व ऋण परिषद् (WOCCU) को सदस्यता प्राप्त
- २०७६ तालिम तथा स्रोत केन्द्र स्थापनाका लागि काभ्रेमा जग्गा खरिद
- साकोस एकीकरण, एकरूपता प्रणाली, स्थिरीकरण कोष, छुट्टै बचत तथा ऋण सहकारी ऐन, सहकारीहरूका लागि एकीकृत लेखामान, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सहभागिता लगायतका विषयहरूमा सरकारसँग निरन्तर बहस पैरवी
- २०७६ पौष ४ र ५ गते सम्पन्न संघको २८औं वार्षिक साधारणसभाले परितोष पौड्यालको अध्यक्षतामा सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति चयन
- २०७६ स्थिरीकरण कोष सञ्चालनको प्रक्रिया शुरू
- २०७६ फागुन ११ गते प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम परिषद् CTEVT बाट Cooperative Diploma पढाई सञ्चालनका लागि संघलाई सम्बन्धन प्राप्त
- अन्तर्राष्ट्रिय स्तरको प्रविधि विकास गरी एकीकृत सफ्टवयर प्रणाली आन्तरिकीकरणका लागि कार्य प्रारम्भ
- २०७६ साउन ३२ गतेबाट आधारशिला कार्यक्रम शुभारम्भ
- २०७६ साउन ३२ गते सीटीइभिटीबाट सम्बन्धन प्राप्त Cooperative Diploma पढाइ सुरू
- २०७६ भदौ १७ गते नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम सुरू
- ७६ जिल्लाका ४ हजार ८० प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था आवद्ध
- ६३ जिल्ला बचत तथा ऋण सहकारी संघ र ३ प्रदेश बचत संघ आवद्ध
- ३३ बर्षे नेफ्स्कून इतिहासका व्यवस्थापकीय प्रमुखहरूः हरि घिमिरे, सुमन खनाल, शिव अधिकारी, रामप्रसाद ढकाल, कुवेर निरौला, डिल्लीराम अधिकारी, बद्री कुमार गुरागाईं, शिवजी सापकोटा र बर्तमान प्रकाश प्रसाद पोखरेल

सहकारीमा प्रमाणिकृत जनशक्ति विकास

सहकारी क्षेत्रमा देखिएको दक्ष जनशक्ति अभावलाई पूर्ति गरि दक्षतामा आधारित व्यावसायिक एवं दक्ष जनशक्ति विकासको लागि सहकारी क्षेत्रमा नै पहिलो पटक नेफ्स्कूनले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT को सम्वन्धनमा नेफ्स्कूनले सहकारी व्यवस्थापक, बचत तथा ऋण परिचालक र रिसेप्सनिष्ट एवं क्यासियर विषयमा औपचारिक अध्यापन ।

व्यवस्थापक कोर्ष :

- अध्यापन समय : ६०० घण्टा (८० प्रतिशत व्यवहारिक र २० प्रतिशत सैद्धान्तिक),
- प्रत्येक समूह (ब्याच) मा २० जना सहभागी हुन पाउने,
- पहिलो ब्याच मार्फत २० जना व्यवस्थापक दिक्षित (प्रमाणिकृत), दोश्रो ब्याचको अध्यापन शुभारम्भ,
- सहकारी क्षेत्रमा कार्यरत र सहकारी क्षेत्रमा भविष्य खोज्नेहरूको आकर्षण : निर्धारित कोटा भन्दा चार गुणा भन्दा बढी आवेदन,
- संघबाट २०७१ सालमा डिप्लोमा ईन साकोस म्यानेजमेण्ट पाठ्यक्रम विकास,
- आन्तरिक एवं बाह्य विषयविज्ञहरूबाट अध्यापन,

बचत तथा ऋण परिचालक :

- अध्यापन समय : ४० घण्टा (८० प्रतिशत व्यवहारिक र २० प्रतिशत सैद्धान्तिक),
- प्रत्येक समूह (ब्याच) मा २० जना सहभागी हुन पाउने,
- पहिलो ब्याचमा सहभागीहरू दिक्षित (प्रमाणिकृत), दोश्रो ब्याचको अध्यापन तयारी,
- सहकारी क्षेत्रमा कार्यरत र सहकारी क्षेत्रमा भविष्य खोज्नेहरूको आकर्षण
- आन्तरिक एवं बाह्य विषयविज्ञहरूबाट अध्यापन,

रिसेप्सनिष्ट एवं क्यासियर :

- अध्यापन समय : ४०० घण्टा (८० प्रतिशत व्यवहारिक र २० प्रतिशत सैद्धान्तिक),
- प्रत्येक समूह (ब्याच) मा २० जना सहभागी हुन पाउने,
- पहिलो ब्याच अध्यापन तयारी, भर्ना खुल्ला,
- सहकारी क्षेत्रमा कार्यरत र सहकारी क्षेत्रमा भविष्य खोज्नेहरूको आकर्षण
- आन्तरिक एवं बाह्य विषयविज्ञहरूबाट अध्यापन ।

२०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रमका मुख्य हाइलाईट्सहरू

- एक्सेस, प्रोबेशन तथा कर्वस् कार्यक्रम आवद्धता एवं प्राविधिक सहजीकरण शुल्कमा १० प्रतिशत छुट
- सकोस एकरूपता प्रणाली मार्फत नीति, विधि र प्रविधिमा एकरूपता कायम गरी सुरक्षित एवं स्वस्थ बचत ऋण सहकारी सञ्जाल निर्माण एवं प्रवर्द्धन
- सञ्जालको सुरक्षा, स्वनीयमन र पहिचानको लागि छुट्टै वित्तीय सहकारी ऐन जारी गराउन निरन्तर बहस, पैरवी
- विद्यमान कानूनमा समयानुकुल परिमार्जनका साथै अभियानका समसामयिक सवालहरूमा निरन्तर बहस पैरवी
- बचत तथा ऋण सहकारी सञ्जाललाई राष्ट्रिय भुक्तानी प्रणालीमा आवद्ध गराउन नीतिगत बहस पैरवी
- विद्यमान व्यवस्था बमोजिम सञ्चालन गर्दै अभियानको आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यास अनुरूप स्थिरीकरण कोष सञ्चालन सम्बन्धी नीतिगत सुधार गर्न निरन्तर पैरबी
- संघ तथा सदस्य संस्थाहरूको प्रविधि उपयोग र स्तरवृद्धिका लागि कार्यक्रम विकास
- साझा प्रविधिको विकास तथा उपयोगका साथै अध्ययन तथा अनुसन्धानका आधारमा, प्रविधिको सुदृढिकरण र सुरक्षा प्रणालीमा स्तरोन्नती
- सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरू आवद्धताको वातावरण निर्माण
- एकीकृत सदस्य सूचना प्रणाली मार्फत सदस्यहरूको गैर स्थलगत जोखिम सुपरीवेक्षण
- संघमा आवद्ध हुने नयाँ सदस्यहरूलाई आधारभुत टुलकिटको व्यवस्था
- सहकारी क्षेत्रको अध्ययन, अनुसन्धान गरी नविनतम सेवाहरूको विकास
- ग्रामीण क्षेत्रमा सञ्चालित सदस्य संस्थाको सञ्चालन सक्षमता विकासको लागि सहुलियत ऋण सेवा
- स्थानीय सरकार, संघ र सहकारी संस्थाको साझेदारीमा आधरशिला कार्यक्रम सञ्चालन
- ई-कमर्श प्लेट फर्म सञ्चालनका लागि पहल
- दीगो विकास लक्ष्यमा योगदान गर्न साझेदारीका कार्यक्रम विकास तथा कार्यान्वयन
- सञ्जालमा विद्यमान दोहोरो सदस्यता र दोहोरो ऋण न्युनीकरण गरी सुरक्षित र समृद्ध सञ्जाल निर्माण गर्न एकीकरण अभियानलाई सहजीकरण एवं प्रोत्साहन गरिन
- संघ मार्फत प्रदान गरिने वित्तीय सेवाहरूको पहुँच विस्तार र सहजीकरण गर्न भुक्तानी फछ्र्यौट सेवा सञ्चालनका लागि नीतिगत पहल
- समसामयिक विषयमा राष्ट्रिय गोष्ठी आयोजना
- सदस्यहरूलाई विपद जोखिम न्यूनिकरण योजना निर्माणमा सहजीकरण र सञ्जालमा विपद् व्यवस्थापन कोष स्थापना
- नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यावसायिक सक्षमता विकास एवं खोज अनुसन्धान, नवप्रवर्तन, प्रविधिको प्रयोग
- सञ्जालमा आवश्यक दक्ष एवं व्यावसायिक मानव श्रोत विकासको लागि प्रमाणिकृत तालिम सञ्चालन
- साकोस एकरूपता प्रणालीलाई सम्भाव्यताको आधारमा नमुना जिल्ला विस्तार
- सञ्जाल साझेदारीका साथै अन्य विषयगत केन्द्रीय संघहरू संगको सम्बन्धलाई निरन्तरता
- अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यताका लागि पहल

अभियानको स्तरीकरण कार्यक्रमहरु

एक्सेस
(A1 Competitive choice for Excellence in service and soundness)

ACCESS
A-one Competitive Choice for Excellence in Service & Soundness

उत्कृष्ट सेवा तथा सुरक्षाको लागि सर्वोत्तम छनौट

एक्सेस कार्यक्रम बचत तथा ऋण सहकारीहरूमा स्वःनियमनमार्फत गुणस्तर कायम गर्न एशियाली ऋण महासंघद्वारा विकास गरिएको एक गुणस्तर सुनिश्चितता एवं अर्न्तराष्ट्रिय स्तरको प्रतिकीकरण (Branding) कार्यक्रम हो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को प्राविधिक सहजीकरणमा सन २००७ देखि कार्यान्वयनमा रहेको छ । एक्सेस प्रतिकीकरण (ACCESS Branding) ले सदस्य सन्तुष्टी, संस्थाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तरीय सेवा र नविन आयामहरू तथा नविनतम सिकाईहरूमा स्तर निर्धारण गर्दछ । संस्थामा गुणस्तर मापनका लागि ४ वटा क्षेत्रहरू अर्न्तगत ८६ वटा सूचकहरू निर्धारण गरिएको छ । यस कार्यक्रमले बचत तथा ऋण सहकारी संस्था सञ्चालनमा सुरक्षित र गुणस्तरीय सेवा प्रवाहको संस्कार मार्फत सदस्यहरूको सन्तुष्टीलाई प्राथमिकता प्रदान गरी बचत तथा ऋण सहकारी अभियानको गुणस्तरीय छवी सुनिश्चित गर्दछ ।

व्यवस्थापन कार्यकुशलता एवं प्रभावकारीतामा वृद्धि, सदस्य संरक्षण एवं सदस्य सन्तुष्टीमार्फत संस्थाको छवी निर्माण, संस्थागत स्वस्थ्यता एवं सुरक्षा कायम, सिकाई व्यवस्थापन र नविनतम आयामहरूको प्रयोग र अभ्यास, कानूनी दायित्व र सुशासनका विश्व असल अभ्यासहरूको परिपालना तथा साकोसमा भएका उपलब्धिहरूको आवधिक समीक्षा एवं असल अभ्यास एवं अनुभवको आदानप्रदान मार्फत निरन्तर गुणस्तर सुधार गर्ने कार्यक्रमको सोच रहेको छ । कार्यक्रममा सहभागिताका लागि सम्झौताको समयमा २५ करोडको कूल सम्पत्ति भएको, कम्तीमा पाँच जना कर्मचारीहरूको व्यवस्था भएको, सदस्य संख्या कम्तीमा १००० जना भएको, व्यवस्थापक स्नातक तह वा सो सरह उत्तिर्ण भएको र संस्थामा ईमेल ईन्टरनेटको गुणस्तरीय सेवा भएको संस्था वा संघको गुणस्तर सुनिश्चितता कार्यक्रम प्रोबेशन ब्राण्ड प्राप्त गरेको वा कर्वस् कार्यक्रम मार्फत सुपरीवेक्षण गराई जोखिम न्यून रहेको भनि सिफारिस भई आएको संस्थाहरू सहभागिता हुन सक्ने व्यवस्था छ ।

आ.व. मा २ पटक स्थलगत अन्वेषण र २ पटक गैरस्थलगत अन्वेषण गरी संघको प्राविधिक परिक्षकबाट सूचकहरूका आधारमा संस्थाको अवस्था विश्लेषण, समूहका संस्थाहरूले पालैपालो त्रैमासिक रूपमा संस्थाको असल अभ्यास, चुनौतीका क्षेत्रहरू र नविनतम विषयहरूमा छलफल गरी सुधार क्षेत्रहरूमा साझा धारणाको विकास, स्वःमूल्याङ्कन सहित संस्थाले अन्तिम परिक्षणको प्रक्रिया एशियाली ऋण महासंघबाट स्वतन्त्र गुणस्तर परिक्षकमार्फत गरिएको परिक्षणमा संस्थाको स्तर निर्धारण गरी एक वर्ष संस्था सुरक्षित रहने सनिश्चितता गर्ने कार्यक्रम नै एक्सेस कार्यक्रम हो ।

एक्सेस कार्यक्रमको झलक

कार्यक्रम कार्यान्वयन शुरू	: सन् २००७
कार्यक्रममा आवद्ध संस्था	: ७७
ब्राण्ड प्राप्त संस्था	: २४
प्राविधिक सहकार्य	: एशियाली ऋण महासंघ
प्राविधिक सहजीकरण	: नेफ्स्कून
जम्मा सूचकहरू	: ८६
अन्तिम परिक्षक	: एशियाली ऋण महासंघ
गुणस्तर सुनिश्चितता गरिने अवधि	: एक वर्ष
कार्यक्रमको सोच	: एक्सेसको छहारी, गुणस्तरीय सहकारी
आवद्धताको समय	: संस्थाले चाहेको समयमा

जोखिममा आधारित साकोस सुपरीवेक्षण (कर्वस्)
Credit Union Risk Based Supervision (CURBS)

बचत तथा ऋण सहकारी संस्थाहरूको कारोवारमा जोखिम बिद्यमान हुन्छ । त्यसैले बचत तथा ऋण सहकारी संस्थाहरू सञ्चालन गर्दा सञ्चालक समिति तथा व्यवस्थापनले संस्थामा आउन सक्ने भावी जोखिमहरूको अनुमान तथा व्यवस्थापन गरी सुरक्षित रूपमा

व्यवस्थापन गर्नुपर्ने हुन्छ । बचत तथा ऋण सहकारी संस्थाहरू अन्तर्राष्ट्रिय सहकारी मुल्य–मान्यता र सिद्धान्तमा आधारित भई सदस्यहरूसँग मात्र कारोवार गर्ने व्यावसायिक संस्था भए पनि संस्थाहरूको व्यावसायिक कारोवारमा अन्य व्यवसायमा जस्तै जोखिम विद्यामान रहन्छ । जोखिम आफैमा समस्या होइन तर यसले संस्थामा थुप्रै समस्याहरू सिर्जनाको कारक बन्दछ । जोखिम सिर्जना भै सकेपछि सामना गर्नु बाहेक अरू उपाय हुँदैन र त्यसले दुर्घटना वा घाटा बाहेक संस्थालाई अरू केही गर्दैन तर जोखिम सिर्जना हुनु अगावै सम्भावित जोखिमहरूको पूर्व अनुमान गरी व्यवस्थापनका औजारहरू मार्फत समाधान खोजियो भने जोखिम साकोस व्यवसायको अभिन्न अंग बन्न सक्छ र यसले साकोसको व्यावसायिक छवि वृद्धि पनि गरेको हुन्छ भन्ने विश्वासका साथ संघले जोखिममा आधारित साकोस सुपरीवेक्षण कार्यक्रम सञ्चालन गरिएको छ ।

संस्थाले व्यवस्थापन गर्नुपर्ने वित्तीय जोखिम, ऋण जोखिम, सञ्चालन जोखिम, आन्तरिक नियन्त्रण तथा प्रविधि जोखिम, बैधानिकता तथा सुशासन जोखिम, सदस्य केन्द्रीयता जोखिम जस्ता पक्षहरूमा विद्यमान जोखिमको स्तर परिक्षण गरी जोखिमको मात्राको आधारमा संस्था व्यवस्थापनमा सहजीकरण गर्ने कार्यक्रम नै जोखिममा आधारित साकोस सुपरीवेक्षण कार्यक्रम हो । कार्यक्रममा सहभागिताका लागि सम्झौताको समयमा ५ करोडको कूल सम्पत्ति भएको, कम्तीमा तीन जना कर्मचारीहरूको व्यवस्था भएको, सदस्य संख्या कम्तीमा ३०० जना भएको र संस्थामा ईमेल ईन्टरनेटको गुणस्तरीय सेवा भएको संस्थाहरू सहभागिता हुन सक्ने व्यवस्थाछ । यस कार्यक्रमले अभियानको स्व नियमन गर्ने सिद्धान्तको पनि स्वीकार गरेको छ ।

आ.व. मा २ पटक स्थलगत अन्वेषण र २ पटक गैरस्थलगत अन्वेषण गरी संघको जोखिम सुपरिवेक्षकहरूबाट सूचकहरूका आधारमा संस्थाको अवस्था विश्लेषण, समूहका संस्थाहरूले पालैपालो त्रैमासिक रूपमा संस्थाको असल अभ्यास, चुनौतीका क्षेत्रहरू र नविनतम विषयहरूमा छलफल गरी सुधार क्षेत्रहरूमा साझा धारणाको विकास, स्वःमूल्याङ्कन सहित संस्थाले अन्तिम परिक्षणको प्रक्रिया संघबाट स्वतन्त्र जोखिम सुपरिवेक्षक मार्फत गरिएको परिक्षणमा संस्थाको स्तर निर्धारण गरी एक वर्ष संस्था सुरक्षित रहने सनिश्चितता गर्ने कार्यक्रम नै जोखिममा आधारित सकोस सुपरीवेक्षण (कर्वस्) कार्यक्रम हो ।

कर्वस् कार्यक्रमको झलक:

कार्यक्रम कार्यान्वयन सुरू	: २०७३
कार्यक्रममा आवद्ध संस्था	: ४१३
प्राविधिक सहजीकरण	: नेफ्स्कून
जम्मा सूचकहरू	: ७५
अन्तिम परिक्षक	: नेफ्स्कून
जोखिम बहन गरिने अवधि	: एक वर्ष
कार्यक्रमको सोच	: दीगो साकोसः सुरक्षित अभियान
कार्यक्रममा आवद्धताको समय	: संस्थाले चाहेको समयमा
सेवा सञ्चालन साझेदारी	: २३ वटा जिल्ला बचत तथा ऋण सहकारी संघहरूबाट समेत

पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन)
Program for Building Absolute and professionalization (PROBATION)

नेफ्स्कूनले सदस्य संस्थाहरूको गुणस्तर सुनिश्चित गरी स्तरीकरण मार्फत सुरक्षित संस्था विकास तथा दीगो अभियान निर्माणका लागि विस्व ऋण परिषदले सिफरिस गरेको वित्तीय स्तर तथा नेपालका सरोकारवालाहरूको अपेक्षित स्तरका आधारमा संघको स्वअनुभवमा विकास गरिएको राष्ट्रिय स्तरको गुणस्तर सुनिश्चितताको कार्यक्रम नै पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) कार्यक्रम हो । व्यवस्थापन कार्यकुशलता एवं प्रभावकारीतामा वृद्धि, सदस्य संरक्षण एवं सदस्य सन्तुष्टीमार्फत संस्थाको छवी निर्माण, संस्थागत स्वस्थ्यता एवं सुरक्षा कायम, सिकाई व्यवस्थापन र नविनतम आयामहरूको प्रयोग र अभ्यास, कानूनी दायित्व र सुशासनका विश्व असल अभ्यासहरूको परिपालना तथा साकोसमा भएका उपलब्धीहरूको आवधिक समीक्षा एवं असल अभ्यास एवं अनुभवको आदानप्रदान मार्फत निरन्तर गुणस्तर सुधार गर्ने कार्यक्रमको सोच रहेको छ । कार्यक्रममा सहभागिताका लागि सम्झौताको समयमा १० करोडको कूल सम्पत्ति भएको, कम्तीमा तीन जना कर्मचारीहरूको व्यवस्था भएको, सदस्य संख्या कम्तीमा ५०० जना भएको, व्यवस्थापक प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण भएको र संस्थामा ईमेल ईन्टरनेटको गुणस्तरीय सेवा भएको संस्थाहरू सहभागिता हुन सक्ने व्यवस्था गरिएको छ ।

आ.व. मा २ पटक स्थलगत अन्वेषण र २ पटक गैरस्थलगत अन्वेषण गरी संघको प्राविधिक परिक्षकबाट सूचकहरूका आधारमा संस्थाको अवस्था विश्लेषण, समूहका संस्थाहरूले पालैपालो त्रैमासिक रूपमा संस्थाको असल अभ्यास, चुनौतीका क्षेत्रहरू र नविनतम विषयहरूमा छलफल गरी सुधार क्षेत्रहरूमा साझा धारणाको विकास, स्वःमूल्याङ्कन सहित संस्थाले अन्तिम परिक्षणको प्रक्रिया नेफ्स्कूनबाट स्वतन्त्र गुणस्तर परिक्षकमार्फत गरिएको परिक्षणमा संस्थाको स्तर निर्धारण गरी एक वर्ष संस्था सुरक्षित रहने सनिश्चितता

गर्ने कार्यक्रम नै प्रोबेशन कार्यक्रम हो । प्रोबेशन कार्यक्रम नेपालमा एक मात्र बचत तथा ऋण सहकारीहरूको गुणस्तर सुनिश्चित गर्ने उद्योग विभागवाट ट्रेड मार्कको रूपमा दर्ता भएको कार्यक्रम हो ।

प्रोबेशन कार्यक्रमको झलक	
कार्यक्रम कार्यान्वयन सुरू	: २०६९
कार्यक्रम अवधि	: २ वर्ष
कार्यक्रममा आवद्ध संस्था	: २२३
ब्राण्ड प्राप्त संस्था	: ४०
ब्राण्डको आधिकारिकता	: उद्योग विभागवाट ट्रेड मार्कको रूपमा
प्राविधिक सहजीकरण	: नेफ्स्कून
जम्मा सूचकहरू	: ५०
अन्तिम परिक्षक	: नेफ्स्कून
गुणस्तर सुनिश्चितता गरिने अवधि	: एक वर्ष
कार्यक्रमको सोच	: प्रोबेशनमा सहभागिता, गुणस्तर र व्यावसायिकता
कार्यक्रममा आवद्धताको समय	: संस्थाले चाहेको समयमा

आधारशिला

"आधारशिलामा साझेदारी, वित्तीय पहुँच र स्व-रोजगारी"

स्थानीय तहको मातहतमा रहेका ग्रामीण र दुर्गम क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरूमा सहकारी सञ्चालन, व्यवस्थापन तथा ज्ञान सीप अभिवृद्धि गरी सुशासित र व्यवस्थित संस्था निर्माणका लागि स्थानीय तहसँगको साझेदारीमा अगाडि बढाइएको कार्यक्रम हो आधारशिला । वित्तीय पहुँच अभिवृद्धि, सहकारी संस्थाहरूको दीगो संस्थागत विकास, सञ्जालीकरण र उद्यमशीलतामार्फत सदस्यहरूको जीवनस्तर सुधार गर्ने अभिप्राय राखि सहकारी क्षेत्रमा प्राप्त उपलब्धिको सम्बर्द्धन गर्न संघको ३३औं स्थापना दिवसको अवसरमा २०७७ साउन ३२ गते प्रारम्भ गरी कार्यान्वयनको चरणमा रहेको र हालसम्म १५ स्थानीय तहहरूसँग कार्यान्वय सम्झौता भएको ।

कार्यक्रमका चरणहरु :

जागरण (Awareness)	• सहकारी सचेतना र जागरण • सहकारी व्यवस्थापन, लेखापालन र सहकारीको सिद्धान्त अभ्यास • सहकारीको मुल्य मान्यताको आधारभुत जानकारी र ज्ञान सीप प्रवाह • विनियमको विषयमा जानकारी
विकास (Development)	• नमुना नीतिहरू निर्माण तथा सहजीकरण • लेखा व्यवस्थापन तालिम • योजना निर्माण तथा संरचना व्यवस्थापन • सहकारीमा नेतृत्व विकास
प्रवर्द्धन (Promotion)	• सहकारी शिक्षा • सदस्यता अभिमुखीकरण • गरिबी निवारणमा सहकारी भूमिका • सदस्य सहभागिता
सञ्जालीकरण (Networking)	• सञ्जालमा आवद्ध • गुणस्तर सुनिश्चितताको कार्यक्रममा आवद्धता • नेतृत्व विकास • स्व-नियमन • प्रविधिमा पहुँच, उद्यमशिलता विकास र बजारीकरण • सम्बन्ध विस्तार

कार्यक्रमको उद्देश्य :

- स्थानीय तहसँगको सहकार्य तथा साझेदारीमा सहकारीहरूको प्रवर्द्धन तथा व्यावसायिकता विकास गरी पहुँच अभिवृद्धि गर्ने,
- सहकारी संस्थाहरूको दीगो संस्थागत विकासमा सहयोग तथा सहजीकरण गर्ने,
- सहकारी शिक्षा तथा तालिममार्फत क्षमता अभिवृद्धि गर्ने,
- उद्यमशीलतामार्फत स्व-रोजगारी प्रवर्द्धनमा सहयोग तथा सहजीकरण गर्ने,
- सञ्जालमा आवद्धतामार्फत सुशासन र स्व-नियमनका लागि सहजीकरण गर्ने ।

मुख्य कार्यहरु :

- तथ्याङ्क संकलन र विश्लेषण
- क्षमता विकास र सशक्तिकरण
- वित्तीय पहुँच र सञ्जालीकरण
- उद्यमशीलता विकास र स्वरोजगारी प्रवर्द्धन
- स्व-नियमन तथा सुशासन प्रवर्द्धन र सञ्जालीकरण

साकोस अभियानको आफ्नै

सफ्ट्वेयर नेकोस

नेपालमा सञ्चालित वित्तीय करोवार गर्ने सहकारीहरूको लेखा प्राणालीमा एकरूपता कायम गर्न तथा कारोवारलाई सुरक्षित, चुस्त, दुरूस्त तथा पारदर्शी बनाउनको लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. द्वारा २०६६ सालमा NECOS विकास गरिएको हो । NECOS भन्नाले NEFSCUN Cooperative System (नेफ्स्कून सहकारी प्रणाली) बुझिन्छ ।

- हाल नेफ्स्कूनसँग ३ प्रकारको नेकोस सफ्ट्वेयर सञ्चालनमा छन् । नेकोस लाइट, नेकोस प्लस र नेकोस अल्टिमेट (यी तीन प्रकारका सफ्ट्वेयरहरू संस्थाको कारोवार र क्षमताको आधारमा क्रमशः विकसित रूप हुन् ।)
- नेफ्स्कूनको सञ्जाल भित्र र बाहिर लोकप्रिय रहेको नेकोस सफ्ट्वेयरका ७०० प्रयोगकर्ता छन् ।

नेपाल सरकार
Government of Nepal
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
Ministry of Industry, Commerce & Supplies
उद्योग विभाग
Department of Industry

त्रिपुरेश्वर, काठमाडौं
Tripureshwor, Kathmandu

दरखास्त दर्ता नं.: २०१९/०८०००९९
Application No.: 2019/080099
प्रमाणपत्र संख्या: ०५२५८६
Certificate No.: 052586

मिति: २०७८।०३।२१
Date: July 5, 2021

ट्रेडमार्क दर्ता प्रमाण-पत्र

TRADEMARK REGISTRATION CERTIFICATE

पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ बमोजिम श्री नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौंले वर्ग ३५ अन्तर्गत देहाय बमोजिमका वस्तु/सेवामा लगाई राखेको/लगाउने भएको ट्रेडमार्क दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

THE TRADE-MARK AFFIXED/ TO BE AFFIXED HERE TO BE USED/USING FOR FOLLOWING GOODS OR SERVICES IN CLASS 35 BY **NEPAL FEDERATION OF SAVINGS AND CREDIT COOPERATIVE UNIONS LIMITED (NEFSCUN)** OF NEW BANESHWAR, KATHMANDU, NEPAL HAS BEEN REGISTERED UNDER SECTION 18 OF THE PATENT, DESIGN AND TRADE-MARK ACT, 1965 A.D. AND THIS CERTIFICATE HAS BEEN ISSUED ACCORDINGLY.

वस्तु/सेवा (Goods/Services): ADVERTISING MANAGEMENT.

NECOS

नि. महानिर्देशक
For Director General

(द्रष्टव्यः यो प्रमाणपत्रको अवधि ७ वर्ष कायम रहनेछ। त्यसपछि नविकरण गराउनुपर्नेछ।)
(This trademark is valid upto 7 years of registration. The mark should be renewed thereafter.)

NECOS
LITE
PLUS
ULTIMATE

नेकोस सफ्ट्वेयरका विशेषताहरूः

- सम्पूर्ण वित्तीय समाधानका लागि सक्षम सफ्ट्वेयर
- नविनतम प्रविधिमा आधारित
- तथ्यांकको मजबुत सुरक्षा
- सहकारी चार खाता समावेश भएको
- सस्थाको Customized Report तयार गर्न सकिने
- Web Based मा आधारित, LAN मार्फत २५३ बाट कम्प्यूटरमा एकसाथ सञ्चालन गर्न सकिने
- प्रयोगकर्ता अनुसार क्षेत्राधिकार तय गर्न सकिने
- कारोवार छुट्टाछुट्टै सेवाकेन्द्रमा प्रविष्टी हुने
- दैनिक खाता बन्दीको व्यवस्था
- भुक्तानी पुर्जा (चेक), शेयर प्रमाण पत्र तथा कारोवारका बिल, भौचरहरु प्रिन्ट गर्न सकिने

EXTRA FEATURE
- Sms Banking
- Utility Payment
- Mobile Apps

बचत तथा ऋण सहकारी संस्थासम्बन्धी

स्थिरीकरण कोष : अभियानको जगेडा कोष

स्थिरीकरण कोष	बचत तथा ऋण सहकारी संघसंस्था व्यवस्थापनमा विद्यमान जोखिम व्यवस्थापन गरी संरक्षण गर्न लागत सहभागितामा आधारित अभियानको कोष नै स्थिरीकरण कोष हो । कोषले आवद्ध संघसंस्थाहरूको जोखिम सुपरीवेक्षण गरी व्यवस्थापनका लागि आवश्यक उपायहरूको संयोजन गर्दछ । यो सहकारी अभियानको एकका लागि सबै र सबैका लागि एकको भावनाको व्यवाहारिक अभ्यास हो । यसले बचत तथा ऋण सहकारी संघ संस्थाहरूलाई टाट पल्टीनबाट जोगाउछ र बचत तथा ऋण सहकारीहरूको छबी उच्च बनाउन सहयोग गर्दछ ।
कानूनी वातावरण	सहकारी ऐन, २०७४ को दफा १०३, सहकारी नियमावली, २०७५ को नियम ७४ तथा बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ ले बचत तथा ऋण सहकारीसम्बन्धी स्थिरीकरण कोष बचत तथा ऋण केन्द्रीय विषयगत संघमा रहने गरी सञ्चालनको व्यवस्था गरेको छ । बचत तथा ऋण सहकारी संस्थाहरूको खुद बचतबाट वार्षिक योगदान गर्ने व्यवस्था विद्यमान कानूनमा रहेको छ ।
असल अभ्यास	स्थिरीकरण कोष स्थापना अभियान समस्यामा परेको समयमा आवद्ध बचत तथा ऋण सहकारीहरूको त्यागको भावनाबाट स्थापना भएको पाइन्छ । बचत तथा ऋण सहकारीको उत्कृष्ठ अभ्यास गरेका देशहरू आयरल्याण्ड तथा ब्राजिलमा यसको अनुकरणीय अभ्यासहरू भएको पाइन्छ । स्थिरीकरण कोषलाई बचत तथा ऋण सहकारी संस्थागत विमाको रूपमा स्वीकार गरी अभ्यास गरेको पाइन्छ । बचत तथा कुल सम्पत्तिको आधारमा योगदान गर्ने नीतिगत व्यवस्था भएको पाइन्छ ।
संगठन	नेफ्स्कूनको अध्यक्षतामा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, सहकारी विभाग, नेपाल राष्ट्र बैंक, सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, सहकारी बैंक लगायतको संलग्नतामा सञ्चालन समिति र आवद्ध सबै संस्थाहरूको संलग्नतामा वार्षिक परामर्श बैठकको व्यवस्था कायविधिमा गरिएकोछ । सञ्चालन समितिको चार महिनामा बैठक तथा वार्षिक परामर्श बैठकका माध्यमवाट कोष परिचालन हुने व्यवस्था नियमावलीमा गरिएको छ ।
उपलब्धीहरू	१५५ वटा संघसंस्थाहरूवाट प्रारम्भिक योगदान स्वरूप रू ५२,६६९,३२५।५१ रकम संकलन गरी कोष खडा गर्नका लागि आवश्यक रू. दश करोड संकलनको चरणमा रहेको छ । प्रारम्भिक भेला र प्रथम वार्षिक परामर्श बैठक सम्पन्न भइ सकेको छ । सापटी तथा आवद्धता सम्बन्धि आन्तरिक कायविधि तयार गरी स्वीकृतिका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पेश गरिएको छ । कोषको कार्यालय नयाँ बानेश्वरमा स्थापना गरिएको छ ।
अपेक्षित सुधार	विद्यमान नीतिगत व्यवस्थामा आवद्ध सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रण प्रणाली स्थापित गर्ने, खुद बचतको आधारमा नभइ जोखिमको स्तर अनुसार कुल बचत वा कुल सम्पत्तिको आधारमा योगदान गर्नु पर्ने तथा कोषको शुरूवातमा बिऊ पूँजी तथा प्रवर्द्धनमा सरकारको योगदान हुनु पर्ने व्यवस्था गर्नुपर्ने र कोषमा सहभागिता अनिवार्य गर्नुपर्ने नीतिगत व्यवस्था हुनु पर्ने ।
ऐक्यवद्धताका लागि अनुरोध	स्थिरीकरण कोष बचत तथा ऋण सहकारी अभियानको लामो बहस तथा पैरबीबाट प्राप्त उपलब्धी तथा जोखिम व्यवस्थापनको एकमात्र विकल्प भएकोले सम्पूर्ण बचत तथा ऋण सहकारीहरूले आवश्यक न्यूनतम स्तर हाँसिल गरी सहभागिताका लागि संघ हार्दिक अनुरोध गर्दछ ।

साकोस अभियान

नेफ्स्कून सञ्जाल साझेदारी कार्यक्रम

नेपालको बचत तथा ऋण सहकारी अभियानको सुदृढीकरण तथा सञ्जालको क्षमता विकास गरि सहकारी ऐन तथा नियमावली बमोजिम व्यवसायमा एकरूपता ल्याउनका लागि आवश्यक आधार तयार गर्ने कार्यक्रम हो सञ्जाल साझेदारी कार्यक्रम ।

भौगोलिक विकटता साथै संस्थाहरूको न्यून सक्षमताका कारण पहुँच वृद्धि गर्न नसकिएको स्थानहरूमा प्रदेश संघ एवं जिल्ला संघहरूमार्फत संघमा आवद्ध सदस्यहरूलाई संस्थागत एवं व्यावसायिक सेवा पुऱ्याउनर र साकोस अभियानलाई सुदृढ र दीगो बनाउन सञ्जाल साझेदारी कार्यक्रम २०७६ देखि प्रारम्भ भएको हो ।

साझेदारी सम्झौता कार्यक्रको प्रमुख उद्देश्य एक्लै काम गर्न नसकिने ठाउँमा सहकार्य मार्फत सद्भावपूर्ण सम्बन्धको आधारमा स्तरीय र सुशासित अभियान निर्माण गर्दै हामी कोही फरक हैनौं, एउटै परिवार हो भन्ने भावनाको विकास गर्नु हो ।

कार्यक्रमका उद्देश्यहरु

- सञ्जाल मार्फत सेवामा पहुँच विस्तार गर्ने ।
- सञ्जालका सेवामा स्तरीयता र एकरूपता कायम गर्ने ।
- नियमित अनुगमन र सुशासन प्रवर्द्धनको लागि सहकार्य गर्ने ।
- आवद्ध संघहरूको क्षमता विकास मार्फत आत्मनिर्भर बनाउने ।
- नविनतम प्रविधिको बजारीकरण, विस्तार र प्रयोगमा सहकार्य गर्ने ।

सञ्जाल साझेदारीमा क्षेत्रहरु

क. वार्षिक सदस्यता नविकरण शुल्क

ख. जोखिम सुपरीवेक्षण कार्यक्रम

ग. स्टेशनरी आपूर्ति सेवा

घ. सफ्ट्वेयर बिक्री वितरण

ङ. तालिम कार्यक्रम

साझेदारी मार्फत पहुँचको अवस्था

प्रदेश बचत संघः २

जिल्ला बचत संघः १९

नेफ्स्कून साकोस म्यानेजर्स क्लब

साकोस अभियानमा कार्यरत मानव संशाधनको विकास र परिचालन गरी नविनत्म विषयहरूको प्रवर्द्धन र अवलम्बन गर्न संघ अन्तर्गत व्यावसायिक विशेषज्ञ समूहको रूपमा अभियानमा कार्यरत व्यवस्थापन प्रमुखहरूको सहभागितामा अभियानको बौद्धिक समूहको रूपमा नेफ्स्कून साकोस म्यानेजर्स क्लब गठन भई क्रियाशील रहेको छ ।

म्यानेजर्स क्लबको उद्देश्यः

(क) साकोस अभियानमा नविनतम् अभ्यास तथा विषयहरूको प्रवर्द्धन र अवलम्बन गर्ने ।

(ख) साकोसमा कार्यरत व्यवस्थापक र व्यवस्थापन समूहको क्षमता, कार्य सम्पादन र योगदानको स्तर अभिवृद्धि गर्ने ।

(ग) साकोस अभियानको सशक्तिकरणका सहयोगी विषयहरूको चर्चा चलाउने, सहजीकरण गर्ने र बहस पैरवीहरूमा भाग लिने ।

(घ) साकोस अभियानमा व्यावसायिकता विकासको लागि रणनीतिक मार्गनिर्देशन तयार गर्न आवश्यक भूमिका खेल्ने ।

(ङ) साकोसहरूको कार्य सञ्चालनमा एकरूपता तथा स्तरीयता ल्याउन सहयोग पुऱ्याउने ।

(च) ज्ञान व्यवस्थापन र रूपान्तरणमा सहयोग पुऱ्याउने ।

तत्कालिन एक्सेस साकोस म्यानेजर्स क्लबमा सहभागी व्यवस्थापकहरुः

१. संयोजकः कृष्णकुमार श्रेष्ठ (प्रमुख कार्यकारी अधिकृत चन्द्रागिरि साकोस, थानकोट काठमाडौं)

२. सदस्यः माधव पौडेल (प्रमुख व्यवस्थापक, विकु साकोस, नवलपरासी)

३. सदस्यः दिपक बस्नेत (प्रमुख कार्यकारी अधिकृत, हाम्रो जनकल्याण साकोस, दोलखा)

४. सदस्यः बाबुराजा बज्राचार्य (व्यवस्थापक, स्कोप साकोस, ललितपुर)

५. सदस्यः बिरेन्द्र प्रधानाङ्ग (तत्कालिन व्यवस्थापक, उपकार साकोस भक्तपुर)

६. यसोदा सेनेः (तत्कालिन व्यवस्थापक, महिला साकोस ईटहरी)

७. कमल श्रेष्ठः (तत्कालिन व्यवस्थापक, मोरङ साकोस, मोरङ)

क्लबको संरचना :

सर्वोत्कृष्ट व्यवस्थापकको रूपमा पुरस्कृत	संयोजक १ जना
क्लबका निवर्तमान संयोजक	सदस्य १ जना
सर्वोत्कृष्ट साकोसको व्यवस्थापक	सदस्य १ जना
उत्कृष्ट महिला साकोसको व्यवस्थापन प्रमुख	सदस्य १ जना
प्रदेशस्तरीय उत्कृष्ट साकोसका व्यवस्थापन प्रमुख	सदस्य ७ जना
उत्कृष्ट जिल्ला बचत संघको व्यवस्थापन प्रमुख	सदस्य १ जना

प्रदेश स्तरीय उत्कृष्ट साकोसका व्यवस्थापकको संयोजकत्वमा प्रदेश स्तरीय समिति गठन हुने,

नेफ्स्कून साकोस म्यानेजर्स क्लबको कार्यहरु

- साकोस अभियानको व्यवस्थापकीय संवाहकको रूपमा कार्य गर्ने,
- साकोसको चुस्त व्यवस्थापन सुनिश्चित गर्ने विधि र प्रक्रियाहरू निर्माण गर्ने,
- साकोस सञ्चालन प्रणाली अवलम्बनका लागि प्रवर्द्धन गर्ने,
- मानव संशाधन विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरूलाई आन्तरिकीकरण गर्न आवश्यक मञ्चहरूको संयोजन गर्ने ।

क्लबका प्रयासहरु

- "Enabling HR to enhance professionalism." भन्ने मुल नाराका साथ HR Conference 2013 को आयोजना
- २०७२ मा सम्पन्न CEO workshop को व्यवस्थापन, क्लबको तर्फबाट कार्यपत्र प्रस्तुत
- २०७७ बैशाखको बन्दाबन्दीको अवधिमा साकोस सिकाइ आदान प्रदान कार्यक्रम
- देशभर सञ्जाल विस्तार
- २०७७ फागुनमा योजना तथा कार्यविधि निर्माण कार्यशाला गोष्ठी

नेफ्स्कून साकोस म्यानेजर्स क्लबका वर्तमान सदस्यहरु

१. संयोजकः ईश्वर न्यौपाने (प्रमुख कार्यकारी अधिकृत, मिलिजुली कालिञ्चोक साकोस, दोलखा)

२. सदस्यः विनोद पराजुली (व्यवस्थापक, कोलिय देवदह साकोस, रूपन्देही)

३. सदस्यः झलेन्द्र दाहाल (व्यवस्थापक, किसान कल्याण साकोस, सुनसरी)

४. सदस्यः रेश्मा श्रेष्ठ (व्यवस्थापक, निलकण्ठ महिला साकोस, धादिङ)

५. सदस्यः सुदिप खतिवडा (व्यवस्थापक, डाँफे साकोस, झापा)

६. सदस्यः रविन्द्र राना (व्यवस्थापक, सगुन साकोस, सर्लाही)

७. सदस्यः गोपाल दाहाल (ज्योतिमिर्मिरे सामूहिक साकोस, काभ्रे)

८. सदस्यः नवराज श्रेष्ठ (व्यवस्थापक, भीमकुल साकोस, गोर्खा)

९ सदस्यः गणेश बहादुर थापा (व्यवस्थापक, हाम्रो मध्यवर्ती राधाकृष्ण साकोस, बर्दिया)

१० सदस्यः खुमलाल न्यौपाने (व्यवस्थापक, जनकल्याण साकोस, सुर्खेत)

११ सदस्यः कमला कुमारी भण्डारी क्षेत्री (व्यवस्थापक, जनज्योती साकोस, कञ्चनपुर)

२०६९ सालदेखि हालसम्मका क्लबका संयोजकहरुः

ईश्वर न्यौपाने	संयोजक
विनोद पराजुली	निवर्तमान संयोजक
मदन बस्नेत	पूर्व संयोजक
कृष्ण कुमार श्रेष्ठ	पूर्व संयोजक

जीवन र कार्यसम्पादन रूपान्तरण पद्धति कार्यक्रम मार्फत तय गरिएको साकोस अभियानको गन्तव्य :

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडद्वारा मिति २०७७ फाल्गुन २५ देखि २७ सम्म सौराहा, चितवनमा नेपालका ऐक्सेस कार्यक्रममा सहभागी संस्थाहरूका अध्यक्ष, व्यवस्थापक, प्रदेश संघ र नेफ्स्कूनको सहभागितामा आयोजित "जीवन र कार्यसम्पादन रूपान्तरण पद्धति कार्यक्रम" का सिकाई उपलब्धीका रूपमा नेपालमा साकोस एकरूपता प्रणाली र साझा सञ्जालको कार्यान्वयन मार्फत सदस्यहरूको जीवनस्तर रूपमान्तरणमा सञ्जाल ऐक्यवद्धताका लागि निर्माण गरिएका साकोस सञ्जालका सन् २०३० सम्मका मार्गचित्र :

१. सबै बचत तथा ऋण सहकारीहरू सञ्जालमा आवद्ध,
२. अभियान मैत्री छुट्टै बचत तथा ऋण सहकारी ऐन,
३. साकोस सञ्जालको नेपालकै उत्कृष्ठ २४/७ सेवा उपलब्ध,
४. पचास प्रतिशत सदस्य घरपरिवार स्वारोजगार,
५. १०० सहकारी, पर्यटन र डेरी नमुना गाउँ,
६. एक गाऊँ, एक उत्पादन प्रवर्द्धन,
७. स्थिरीकरण कोषमा योग्यता पुगेका सबै साकोसहरूको आवद्धता, १० अर्बको योगदान,
८. समावेशी नेतृत्व विकास,
९. अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत वार्षिक ५०,००० जनशक्ति विकास भएको,
१०. नेपालको सबैभन्दा ठुलो एकिकृत वित्तीय सेवा सहित स्मार्ट सञ्जाल,
११. एकीकरण मार्फत ५००० साकोसहरू,
१२. जहाँ सदस्य त्यहाँ अभियान,
१३. साकोस सञ्जालमा ५० लाख सदस्य,
१४. सबै साकोसहरू स्तरीकरण कार्यक्रममा सहभागी,
१५. विश्व बचत ऋण सहकारी सञ्जालमा नेपालको नेतृत्व,
१६. कुल गार्हस्थ उत्पादनमा साकोस सञ्जालको १० प्रतिशत योगदान,
१७. अभियानको १० प्रतिशत जगेडा कोष,
१८. केन्द्रीय तरलता कोषमा सबै साकोसको योगदान,
१९. साकोस बैंकको स्थापना,
२०. साकोस आवाजः नेपालको आवाज
२१. साकोस सञ्जाल मार्फत विश्वब्यापी वित्तीय कारोवारको पहुँच,
२२. सबै सदस्यहरूमा वित्तीय साक्षरता र उद्यमशीलता,
२३. साकोस सदस्यहरूको खुशी सुचक सर्वाधिक,
२४. विश्वका पाँच देशको सहकारी प्रवर्द्धनमा योगदान,
२५. उत्कृष्ट ईकमर्श प्लेट फर्म सञ्चालन

साकोस आवाज
डिजिटल पत्रिकाको एक वर्ष

नेफ्स्कूनले ३३औं स्थापना दिवसको अवसर पारेर गत वर्ष नयाँ अभियानको थालनी स्वरूप सुरूवात गरेको डिजिटल पत्रिका साकोस आवाजले एक वर्ष पुरा गरेको छ। सहकारी र सञ्चारबीचको सम्बन्धलाई थप मजबूत बनाउने उद्देश्यसहित बचत तथा ऋण सहकारीहरूको अभिभावक संघ नेफ्स्कूनले समग्र सहकारी अभियानको विकास, विश्वसनीयता र पथप्रदर्शनको पवित्र उद्देश्यसहित www.saccosaawaj.coop.np डिजिटल पत्रिका सुरू गरेको थियो । सहकारी अभियानभित्रबाट सञ्चालनमा आएको यो पहिलो अनलाईन समाचार पोर्टल हो । इतिहासको जगमा विश्वसनीय, पठनीय, रोचक र तथ्यपरक सामाग्रीहरूको माध्यमबाट थप उचाइँ हासिल गर्ने लक्ष्य डिजिटल पत्रिकाले लिएको छ। यो सहकारी क्षेत्रको डिजिटल यात्रामा सफलताको बलियो आधार अभियानको साथ र सहयोग हो। समाचारमा विश्वसनीयता, स्तम्भ सामाग्रीहरूमा नवीनता, विषयवस्तुमा विविधता र प्रस्तुतिमा रोचकताको बलमा यस अनलाईन अलग्गै पहिचान स्थापित गर्न प्रयासरत छ।

साकोस आवाज
सहकारी सँगै सञ्चार

सहकारीको सञ्जाल दिनानुदिन वृद्धि हुँदै गएको छ । करिब ३५ हजार सहकारी संस्थाहरू मार्फत ६५ लाख सेवाग्राहीहरू सदस्य छन् । सहकारी कर्ममा जुटेका सेवाग्राहीहरूको सहकारीकर्म, उपलब्धी, गुनासा र सम्भावनाहरूको यथोचित सम्बोधन गर्ने लक्ष्य साकोस आवाज डिजिटल पत्रिकाले लिएको छ।

सहकारीको मुल ध्येय भनेको सदस्य सेवा हो। यसलाई केन्द्रमा राखेर अभियान सञ्चालन हुनेछ । सहकारीका समस्याहरू उजागर गर्ने, समाधानको खोजी गर्ने, सदस्यहरूलाई सहकारी सम्बन्धी गतिविधिहरू सम्प्रेषित गर्ने ध्येयका साथ साकोस आवाजको डिजिटल पत्रिका परिकल्पना गरिएको थियो।

सहकारीका राष्ट्रिय अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तको बहस पैरवी गर्दै सुशासन, पारदर्शीता, सदस्य केन्द्रीयता जस्ता विषय अनलाईनले प्रमुखताका साथ उठान गर्दै आइरहेको छ । बाटो बिराएकाहरूलाई पथप्रदर्शन गर्ने र अग्रणी काम गरेकाहरूलाई प्रोत्साहन गर्ने अभिभारा बोकेको यस अनलाईन सहकारी संस्था, सञ्चालक, सदस्य, लगायत सबैको साझा डिजिटल मञ्च बन्ने कोसिसमा छ । सहकारीका गतिविधिहरू ओझेलमा पारिनु हुँदैन, राष्ट्रिय अर्थतन्त्रको एउटा स्तम्भको भूमिका गौण छैन र यसको भविष्य उज्ज्वल छ भन्ने प्रमाणित गर्न यो डिजिटल पत्रिकाको विकास र पहुँच विस्तारका लागि अभियानको होस्टेमा सबैको हैंसे आवश्यक छ।

सदस्य सेवा विस्तारमा नेफ्स्कून

धनगढी । नेफ्स्कून ले आफ्ना सदस्य संघसंस्थाहरूलाई प्रवाह गर्ने सेवाको पहुँच विस्तार गर्ने क्रममा साउन २५ गतेदेखि सुदुरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको धनगढीमा सेवा कार्यालय सञ्चालनमा ल्याएको छ। कार्यालयको औपचारिक शुभारम्भ संघका अध्यक्ष परितोष पौड्लले गर्नुभएको थियो।

बचत तथा ऋण सहकारी सञ्जालको सवलीकरण मार्फत सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य अनुरूप संघले सदस्य संस्थाहरूलाई सहज हुगे गरी धनगढीमा कार्यालय सञ्जाल विस्तार गरेको हो । सुदुरपश्चिम प्रदेश अन्तर्गत डडेलधुरा र कञ्चनपुरमा नेफ्स्कूनको फिल्ड कार्यालय सञ्चालनमा छन् ।

भक्तपुर जिल्लाको पूर्वि भेगमा सञ्चालित बचत तथा ऋण सहकारीका सदस्यहरूको माग र चाहनालाई ध्यानमा राख्दै नजिकको सेवाकेन्द्र मार्फत सेवा प्रवाह गर्ने उद्देश्य सहित नेफ्स्कूनले सूर्यविनायकमा सेवा केन्द्र सञ्चालनमा ल्याएको छ। साउन ८ गते संघका अध्यक्ष परितोष पौड्यालले सेवाकेन्द्रको औपचारिक शुभारम्भ गर्नुभएको थियो।

संघले साउन १३ गतेदेखि झापाको बिर्तामोडमा पनि सेवा केन्द्र सञ्चालनमा ल्याएको छ।

नेफ्स्कून फिल्ड कार्यालय सम्बन्धी जानकारी

क्र.सं.	फिल्ड कार्यालय	स्थापना मिति	सम्पर्क नं.	ईमेल
१	चितवन	२०५८ कार्तिक २५	०५६-५७२१५१	chitwanfo@nefscun.org.np
२	ईटहरी, सुनसरी	२०६० पौष १३	०२५-५८४८०५	sunsarifo@nefscun.org.np
३	नेपालगञ्ज, बाँके	२०६३ आश्विन १	०८१-५२७५९१	bankefo@nefscun.org.np
४	दोलखा	२०६७ आश्विन २	०४९-४२१६८४	dolakhafo@nefscun.org.np
५	सर्लाही	२०७० जेठ १८	०४६-५३०६८७	sarlahifo@nefscun.org.np
६	ललितपुर	२०७१ बैशाख १०	०१-५५३२६५०	lalitpurfo@nefscun.org.np
७	चावहिल	२०७० असार १५	०१-४४७९५४४	chabahilfo@nefscun.org.np
८	रूपन्देही	२०७१ असार २१	०७१-५४०३६८	rupandehifo@nefscun.org.np
९	कञ्चनपुर	२०७१ बैशाख २४	०९९-५२५२०५	kanchanpurfo@nefscun.org.np
१०	पोखरा, कास्की	२०७२ फागुन १२	०६१-५३३३८९	kaskifo@nefscun.org.np
११	झापा	२०७२ फागुन १२	०२३-५८५३५५	jhapafo@nefscun.org.np
१२	कलंकी, काठमाडौं	२०७३ भाद्र १५	०१-५२३४३५०	kalankifo@nefscun.org.np
१३	डडेलधुरा	२०७३ आश्विन १८	०९६-४१०१२७	dadeldhurafo@nefscun.org.np
१४	दाङ	२०७३ आश्विन २०	०८२-५६१८०९	dangfo@nefscun.org.np
१५	बीरगञ्ज, पर्सा	२०७३ मंसिर १२	०५१-५२८१०६	parsafo@nefscun.org.np
१६	लमजुङ्ग	२०७३ पौष २०	०६६-५२१०९३	lamjungfo@nefscun.org.np
१७	सुर्खेत	२०७४ माघ ४	०८३-५२५७६०	surkhetfo@nefscun.org.np
१८	बनेपा,काभ्रे	२०७४ फागुन ७	०११-६६२७५४	banepafo@nefscun.org.np
१९	न्यूरोड, काठमाडौं	२०७५ बैशाख १०	०१-४२२४७६२	newroadfo@nefscun.org.np
२०	जनकपुर, धनुषा	२०७५ असार २८	०४१-५९०५९०	janakpurfo@nefscun.org.np
२१	धादिङ	२०७५ भाद्र १७	०१०-५२१२९९	dhadingfo@nefscun.org.np
२२	मकवानपुर	२०७५ आश्विन १७	०५७-५२३८१२	makawanpurfo@nefun.org.np
२३	लेटाङ्ग, मोरङ्ग सम्पर्क कार्यालय	२०७५ मंसिर १७	०२१-५६०६०५	letangfo@nefscun.org.np
२४	भक्तपुर	२०७५ मंसिर २६	०१-५०९३३०३	bhaktapurfo@nefscun.org.np
२५	भुमही, नवलपरासी सम्पर्क कार्यालय	२०७६ असार २०	०७८-४१५४१८	bhumahisc@nefscun.org.np
२६	टाँडी, चितवन सम्पर्क कार्यालय	२०७६ मंसिर १	०५६-५६०७८९	tandisc@nefscun.org.np
२७	मन्थली, दोलखा सम्पर्क कार्यालय	२०७७ श्रावण २६	०४८-५४०४१०	manthalisc@nefscun.org.np
२८	गोंगबु, काठमाडौं	२०७७ श्रावण ३२	०१-४९५१५६५	gongabufo@nefscun.org.np
२९	विराटनगर सेवाकेन्द्र	२०७७ कार्तिक २३	०२१-५९०४१५	biratnagarsc@gmail.com
३०	तनहुँ सेवाकेन्द्र	२०७७ कार्तिक २६	०६५-४१२२०५	nefscunkhairenitar@gmail.com
३१	सुर्यविनायक भक्तपुर सम्पर्क कार्यालय	२०७८ श्रावण ८	०१-६६१२९४०	nefscunsuryabinayak@gmail.com
३२	विर्तामोड सम्पर्क कार्यालय	२०७८ श्रावण १३	०२३-५९०४१९	nefscun.birtamod@gmail.com
३३	धनगढी सम्पर्क कार्यालय	२०७८ श्रावण २५	०९१-५९०५१०	nefscun.dhangadhi@gmail.com

नेफ्स्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np,

वेबसाइटः www.nefscun.org.np

ICA द्वारा प्रतिपादित सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

तल उल्लेखित सहकारी सिद्धान्तहरु अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी संस्थाहरुले आफ्ना मूल्यहरुलाई व्यवहारमा उतार्नका लागि प्रतिपादन गरेका मार्गदर्शनहरु हुन् ।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary and Open Membership)
२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)
३) सदस्यहरुको आर्थिक सहभागिता (Member Economic Participation)
४) स्वायत्तता तथा स्वतन्त्रता (Autonomy and Independence)
५) शिक्षा, तालिम र सूचना (Education, Training & Information)
६) सहकारी संस्थाहरुका बीच सहयोग (Co-operation among Co-operatives)
७) समुदायप्रति चासो (Concern for Community)

विश्व ऋण परिषद् (WOCCU) द्वारा प्रतिपादित बचत तथा ऋण सहकारी संघसंस्था सञ्चालनका सिद्धान्तहरू (WOCCU International Operating Principles)

(क) सहकारी संरचना (Cooperative Structure)
- १. सदस्यको स्वामित्व (Member Owned)
- २. सदस्यद्वारा नियन्त्रण (Member Controlled)
- ३. प्रजातान्त्रिक नियन्त्रण (Democratic Control)

(ख) सदस्यलाई सेवा (Service to Members)
- ४. वित्तीय समावेशीकरण (Financial Inclusion)
- ५. वित्तीय दीगोपना (स्थायित्व) (Financial Sustainability)
- ६. सदस्यको आर्थिक लाभमा वृद्धि (Maximizing Member Economic Benefit)

(ग) सामाजिक उत्तरदायित्व (Social Responsibility)
- ७. वित्तीय साक्षरता (Financial Literacy)
- ८. सञ्जाल सहकार्य (Network Cooperation)
- ९. सामाजिक उत्तरदायित्व (Community Responsibility)
- १०. विश्वव्यापी परिकल्पना (Global Vision)

साकोस अभियानको राष्ट्रिय संकल्पको अभिप्राय

वर्तमान महामारीको सामना एकल विधि होइन सहकार्य मार्फत गर्नु,
जलवायू परिवर्तनलाई अनुकूलनमा बदल्न सहकार्य गर्नु,
गरिबी, असमानता, सांस्कृतिक क्षयीकरण रोकी समुदायको हितका लागि सहकार्य गर्नु,
नवप्रवर्द्धन प्रविधि हस्तान्तरणमा युवा सहभागिताका लागि सहकार्य गर्नु ।

सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य

ध्येय : "दीगो वित्तीय सहकारी मार्फत समावेशी एवं स्मार्ट सेवा सुनिश्चित गरी सदस्यको जीवनस्तर सुधार"
परिकल्पना : सबल र दीगो वित्तीय सहकारीहरूको साझा सञ्जाल

नेफ्स्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np

"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी"